स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री केकी अधिकारीका लागि सन् २०२३ राहतपूर्ण रह्यो । दशैंमा रिलिज भएको 'परदेशी २' ले बक्स अफिसमा राम्रै कमाइ गऱ्यो । 'परदेशी २' ले कमाइमा पनि केकीलाई खुसी दियो । गएको जनवरीमा केकीको फिल्म करिअरले ठीक १२ वर्ष पूरा गरेको छ । यसबीचमा उनले ३२ फिल्ममा काम गरिन् । उनको डिस्कोग्राफीको सूची पनि लामै छ । केकीले बिहीबार 'कुन्नि के मा म भुलें' क्याप्सनसहित सेतो-कालो रङ मिश्रित सारी पहिरएकी छन् । यो तस्वीरमा उनको आभा छचल्किएको छ ।

**आजको विचार...**



सहकारी..
(दुई पेजमा)

स्वयम्भुनाथ कार्की

आगामी माघ २६ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'हातीछाप'को पहिलो रोमान्टिक गीत सार्वजनिक गरिएको छ । 'मायालु' बोलको गीतमा फिल्मका अभिनेता दयाहाङ र अभिनेत्री उपासना सिंह ठकुरीबीचको प्रेम दर्शाइएको छ । उनीहरुको केमेस्ट्री रोचक देखिन्छ । गीतमा हर्क साउदको शब्द रचना, प्रताप दास र ममता गुरुङको स्वर तथा उज्ज्वल सागरको संगीत छ । सिमोस सुनुवारद्वारा निर्देशित फिल्ममा सुशन प्रजापतिको छायांकन र प्रदीप भारद्वाजको लेखन छ । फिल्ममा रामजी लामिछानेको कोरियोग्राफी, निमेष श्रेष्ठको सम्पादन र देव महर्जनको द्वन्द्व निर्देशन छ ।



❑ वर्ष २९ ❑ अंक १५२ ❑ २०८० पुस १४ गते शनिबार 30 December 2023, Saturday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# पाल्पामा बालविवाह अन्त्यका लागि सामूहिक प्रतिवद्धता

**कृष्ण पोखरेल**

**पाल्पा,** पुस १३/बालविवाह अन्त्यको लागि पाल्पाका स्थानीय सरकार, जिल्ला समन्वय समिति र लुम्बिनी प्रदेश सरकारले सामूहिक प्रतिवद्धता जनाएका छन् । बालविवाह अन्त्यका लागि लुम्बिनी प्रदेश सरकारको १० वर्ष रणनीतिमा भएका व्यवस्था कार्यान्वयनमा रहेका चुनौती, सम्भावना र स्थानीय तहको भूमिका बारेमा पाल्पामा भएको सामूहिक अन्तर्क्रिया कार्यक्रममा तीन वटै पक्षबाट बालविवाह अन्त्यको लागि सामूहिक प्रतिवद्धता जनाएका हुन् ।

लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, र सिद्धार्थ सामाजिक विकास केन्द्र, कपिलबस्तुले आयोजना, जिल्ला समन्वय समिति, पाल्पाको समन्वय र युनिसेफको आर्थिक सहयोगमा बाल विवाह अन्त्यका लागि १० वर्ष रणनीति कार्यान्वनमा सरोकारवाला बारेमा तानसेन छलफल भएको हो । पाल्पाबाट बालविवाह अन्त्यको लागि जिल्ला समन्वय समितिका प्रमुखको अध्यक्षतामा स्थानीय तहका प्रतिनिधि सहित गरी २१ सदस्यीय जिल्लास्तरीय समिति निर्माण गरिएको



छ । जिल्लाका १० वटै स्थानीय तहमा पालिकास्तरीय समिति बनाउने निर्यण गरिएको छ । पालिकाहरुबाट बालविवाह अन्त्यको लागि भएका सम्पूर्ण जानकारी, काम तथा बजेटको बारेमा पालिका पिच्छे फोकल पर्सन तोकी मासिक रुपमा एकिकृत सूचना उपलब्ध गराउने निर्णय भएको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार पाल्पामा १० वर्षदेखि १४ वर्षसम्म विवाह गर्ने पुरुष २.३ प्रतिशत, महिला ९.३ प्रतिशत, १४ देखि १७ वर्षसम्म विवाह गर्नेमा पुरुष ११.८ प्रतिशत, महिला ३२.२ प्रतिशत, १८ देखि २० वर्षमा विवाह गर्नेमा पुरुष २९.७ प्रतिशत, महिला ३५.९ प्रतिशत रहेका छन् । बालविवाह अन्त्यका लागी समुदायस्तरमा व्यापक सचेतना जगाउनु पर्ने, सामाजिक जागरण र आर्थिक रुपमा समुदाय केन्द्रित गरेर रोजागारीका अवसर दिने, शिक्षा र स्वास्थ्य सम्बन्धी सचेतना वृद्धि जस्ता कार्यक्रम स्थानीय तहले नितिगत रुपमै व्यबस्था गरी नियमित कार्यक्रम सञ्चालन गर्नुपर्ने कार्यक्रममा सहभागीहरुले सुझाव दिएका छन् । स्थानीय सरकार चुस्तदुस्त र सक्रिय भएमा पाल्पाका सबै पालिकाबाट बालविवाह अन्त्य गर्न सकिने लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले ठहर गरेको छ ।

कार्यक्रममा लुम्बिनी प्रदेश सामाजिक विकास मन्त्रालय, सामाजिक विकास महाशाखा प्रमुख शारदा बस्यालले लुम्बिनी प्रदेशमा बालविवाह अन्त्यका लागि भएका कानुनी तथा नीगितग व्यवस्था र सरोकारवालाको भूमिकाको बारेमा जानकारी गराइन् । सिद्धार्थ सामाजिक विकास केन्द्र, कपिलबस्तुका पूर्व अध्यक्ष एव श्रोत व्यक्ति पोमनारायण पौडेलले बालविवाहको अवस्था र रोकथामका उपायका बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनाल, बगनासकाली गाउँपालिका अध्यक्ष सरस्वती चिदी, तानसेन नगरपालिकाको उपप्रमुख प्रतिक्षा गाहा सिंजाली, सामाजिक विकास मन्त्रालयका निमित्त सचिव थानेश्वर ज्ञवालीले तीन तहका सरकारले संयुक्त रुपमा समुदाय केन्द्रित कार्यक्रम सञ्चालन गरी बालविवाहको अन्त्य गर्न सकिनेमा जोड दिए ।

सन् २०३० सम्म बालविवाह अन्त्य गर्ने राष्ट्रिय लक्ष्य रहेको छ । सिद्धार्थ सामाजिक विकास केन्द्रका कार्यक्रम संयोजक नारायण घिमिरेको स्वागत, जिल्ला समन्वय समितीकी अधिकृत भावना पोखरेलको सञ्चालनमा कार्यक्रम चलेको थियो । कार्यक्रममा पाल्पाका १० वटै स्थानीय सरकारका प्रमुख उपप्रमुख, उपाध्यक्षहरुको सहभागिता रहेको थियो ।

## संक्षिप्त समाचार

### चीनमा पूर्वनौसेना प्रमुख रक्षामन्त्रीमा नियुक्त

**(रासस/एएफपी)**

**बेइजिङ,** पुस १३/चीनले शुक्रबार पूर्वनौसेना कमान्डर डोङ जुनलाई आफ्नो नयाँ रक्षामन्त्रीमा नियुक्त गरेको सरकारी सञ्चारमाध्यमले बताएको छ । अक्टोबरमा ली साङ्फुलाई आश्चर्यजनक रूपमा हटाइएपछि उत्पन्न भएको रिक्ततालाई डोङको नियुक्तिले पूर्ति गरेको छ । चीनले आगामी महिना राष्ट्रपति निर्वाचन हुनुअघि ताइवानको स्वशासित टापुमा बेइजिङले सैन्य दबाब बढाइरहेको समयमा डोङको पदोन्नति भएको छ । सरकारी समाचार समिति सिन्ह्वाले डोङलाई चीनको नेसनल पिपुल्स कांग्रेसको स्थायी समितिको बैठकमा नियुक्त गरिएको जनाएको छ । बेइजिङले सात महिनाको जिम्मेबारीपछि लीलाई हटाउनुको कुनै आधिकारिक कारण बताएको छैन । उनको निष्कासन मुलुकको सैन्य प्रतिष्ठानमा उच्चस्तरीय पदअवनतिको शृङ्खला मध्येको एक थियो । सिन्ह्वाका अनुसार बेइजिङको शीर्ष राजनीतिक सल्लाहकार समितिबाट प्रमुख चिनियाँ क्षेप्यास्त्र रक्षा कम्पनीका तीन कार्यकारीलाई हटाइएको छ । कथित भ्रष्टाचारविरुद्ध लड्नु चिनियाँ राष्ट्रपति सी जिनपिङको शासनको केन्द्रीय विषय बनेको छ । हालैका महिनाहरूमा बेइजिङको आणविक हतियारको निरीक्षण गर्ने सेनाको एकाइका रूपमा रहेको गोप्य रकेट फोर्सको नेतृत्वमा पनि परिवर्तन भएको देखिएको छ । यसका पूर्वप्रमुखसँग सम्बन्धित भ्रष्टाचारको अनुसन्धानको मिडिया रिपोर्टहरू आएपछि नेतृत्वमा परिवर्तन गरिएको हो ।

## 'कुनै पनि छानबिन निष्पक्ष हुनुपर्छ'



**वालिङ (स्याङ्जा),** पुस १३/कानुन न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले भ्रष्टाचार सम्बन्धी छानबिन निष्पक्ष ढङ्गले हुनुपर्ने बताएका छन् । भ्रष्टाचार लगायतका विभिन्न विषयमा ठूला मान्छे जोडिएपछि छानबिन फितलो हुने गरेको भन्दै यसलाई अझ दरिलो तरिकाले अगाडि बढाउनुपर्नेमा जोड दिए ।

नेपाल प्रेस युनियन स्याङ्जाले आज वालिङमा आयोजना गरेको पत्रकार सम्मेलनमा मन्त्री गुरुङले छानबिन प्रक्रियाप्रति आफू पूर्णरुपमा सन्तुष्ट नरहेको बताएका हुन् । "भ्रष्टाचार, तस्करी, सुनकाण्ड लगायतका विषयमा जब छानविन सुरु हुन्छ तब ठूला मान्छेको नाम जोडिन्छ अनि निष्कर्षमा पुग्न नपाउँदै रोकिन्छ, यो प्रवृत्तिको अन्त्य हुनुपर्छ, दोषी जोसुकै भए पनि सजायको भागीदार हुनैपर्छ", उनले भने । मन्त्री गुरुङले गठबन्धनमा रहेका पार्टीको स्वीकृतिमा प्रधानमन्त्रीले मन्त्रिपरिषद् पुनःगठन गर्नसक्ने बताए । मन्त्रीहरुको कामको मूल्याङ्कन, पार्टीको स्वीकृतिमार्फत मन्त्रिपरिषद् पुनःगठन हुनसक्ने उहाँको भनाइ थियो । "प्रधानमन्त्रीको सोचअनुसार काम गर्नसक्ने मन्त्रिमण्डलमा अटाउनु हुन्छ", उनले भने, "सोअनुसार काम गर्न नसक्ने बिदा हुनुहुन्छ ।" मन्त्रिमण्डल पुनःगठन गर्दा गठबन्धनमा सहभागी भएका राजनीतिक दलहरुको सहमतिबाटै हुने उनको भनाइ थियो । *-रासस*

## बालकुमारीमा प्रदर्शनका क्रममा दुई जनाको मृत्यु

**पाल्पा,** पुस १३/ललितपुरको बालकुमारीमा भएको प्रदर्शनमा दुई जना प्रदर्शनकारीको मृत्यु भएको छ । कोरिया जानका लागि रोजगार अनुमति प्रणाली (इपीएस) परीक्षा दिन नपाएपछि युवाले गरेको प्रदर्शनका क्रममा भएको झडपमा दुई युवकको मृत्यु भएको हो ।



मृत्यु हुनेमा दैलेखका सुजन रावत र डोटीका वीरेन्द्र साह रहेको नेपाल प्रहरीका प्रवक्ता कुवेर कडायतले बताए । आन्दोलनको क्रममा घाइते भएका उनीहरुको उपचारका क्रममा निधन भएको हो । प्रदर्शनका क्रममा भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाको बा २ झ ५८६१ नम्बरको गाडीसमेत प्रदर्शनकारीले जलाएका थिए । जहाज निर्माण सम्बन्धी कामका लागि भाषा परीक्षा अनुत्तीर्ण भएकाहरूले आफूहरूलाई उत्पादनमूलक क्षेत्रको भाषा परीक्षामा सहभागी गराउन माग गर्दै बालकुमारीस्थित सडकमा उत्रिएर प्रदर्शन गरेका हुन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## किसानका समस्या समाधान गर

नेपालका पहाडी भू–भागहरु बाँझिने क्रम जारी छ । विभिन्न पेशा व्यवसाय र वैदेशिक रोजगारीमा जाने युवा जनशक्तिको लर्कोका कारण हाम्रो कृषि उत्पादनमा कमी आएको हो । कृषि प्रधान देश भनेर चिनिने हाम्रा तराईहरु कतै बस्ती विकासका नामले गर्दा बाँझिनुपर्ने बाध्यता श्रृजना भएको अवस्था छ । देश विकासका लागि स्वउत्पादनलाई प्राथमिकीकरण गरेर भूगोलका हिसावले समयसापेक्ष कार्यसम्पादन गरिएन भने सधैँ परनिर्भरताको शिकार हुनुपर्ने बाध्यता श्रृजना हुन्छ भन्दै गर्दा हामी पनि त्यहि कुराको शिकार भइरहेका छौं । समस्या हाम्रो भूगोल र वनावटको होइन, समस्या त हाम्रो सोंच र राज्यले हाम्रो देश अनुकुलताको नीति नबनाउँदाको हो भन्नुपर्ने अवस्था नै चिन्ताको विषय हो । कुनै समय नेपालले धान भारतीय बजारमा निर्यात गर्दथ्यो भन्दा आश्चर्य लाग्ने बेला भएको छ । कुनै दिन देश आफैमा कृषि उत्पादनका कारण आत्मनिर्भरताको बाटो पहिल्याउँदै थियो भन्ने सुन्दा चकित हुनुपर्ने वर्तमान अवस्था प्रति सरकारको ध्यान जानुपर्ने बेला आएको छ ।

पञ्च वर्षिय वृहद कृषि योजना निर्माण र त्यसको सही कार्यान्वयन गर्ने कुरालाई सरकारी नीति नियममै नराख्दासम्म कृषि उत्पादनमा बल पुग्दैन । कृषिका लागि अनुदान दिने र लिने कार्यलाई व्यवहारिक बनाउँनुपर्ने हुन्छ । दलीय हिसावले जहाँ जसको बर्चस्वका आधारमा अनुदान वितरण गर्ने शैलीको पनि अन्त्य नहुँदासम्म कृषि प्रतिको आर्कषण बढ्ने भन्दा पनि घटेर जान्छ । युवाहरुलाई आधुनिक कृषि प्रणालीमा लगानी गर्ने अवसर प्रदान गर्ने हो भने, उत्पादनको बजारी करणको जिम्मा स्थानीय सरकारले चाजो पाँजो मिलाउँनुपर्ने हुन्छ । अनि बल्ल देशले समयसापेक्ष युवा जनशक्ति प्राप्त गर्न सक्छ । हामीले प्रतिव्यक्ति आयमा वृद्धि गर्ने हो भने पलायन युवा जनशक्तिलाई स्वदेशमै कृषि कर्म प्रतिको लगावलाई परिस्कृत गरेर आधुनिकीकरण गर्दै जानुको विकल्प छैन । आम्दानीका सूचाङ्कलाई बढाउने र महंगीलाई स्थिर राख्ने कार्यलाई बढावा दियौ भने मात्र देशले विकासका गति लिन थाल्छ, अन्यथा नियम, कानुन र गफले मात्रै कृषि र उत्पादनलाई बढावा दिन सकिदैन ।

### Opinion @ Social Network

कुरा काट्ने र खुट्टा तान्नेसँग के गुनासो गर्नु,
विचराहरु... के गरून्, अरु काम त जानेकै छैनन् ।
(ज्ञानु श्रेष्ठको फेसबुक स्टाटस https://www.facebook.com/gyanu.shresthaa)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सहकारी संकट र नागरिकको आर्थिक गतिविधि नियन्त्रण



**स्वयम्भुनाथ कार्की**

*बैंकिङ प्रणालीको कारोबारमा रहेको कूल रकमको तुलनामा बचत तथा ऋण सहकारी संस्थाहरूको कारोबारमा रहेको कूल रकमको अनुपात सानो छैन । कुनै बचत तथा ऋण सहकारीको निक्षेपको, लगानीको आकार 'क' वर्गका बैंकको हाराहारीमा पनि भेटिन्छ । अनि विगतका केही वर्षहरूदेखि यस्तै भीमकाय बचत तथा ऋण सहकारी संस्था डुब्ने गरेका छन् । त्यसमा बचत गर्ने निक्षेपकर्ताको सम्पूर्ण निक्षेप नै डुब्ने अवस्थामा छ । यस्ता सहकारी पीडित जनताको गुनासो सुन्ने धैर्य पनि गुम्दै गएको उदाहरण भेटिन्छन् ।*

संविधानका धारा ५० (३) मा रहेको राज्यको निर्देशक सिद्धान्त र धारा ५१ (घ) (१) र (३) ले सहकारीलाई नेपालको आर्थिक क्रियाकलाप, अर्थतन्त्र सुदृढीकरणको प्रमुख औजार मानेको छ । धारा ५० (३) भन्छ 'सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधनस्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ ।' संघको आधारमा नेपालले तीन खम्बे आर्थिक नीति अवलम्बल गरेको भनेर भनिने गर्दछ । यो अतिशयोक्ति पनि होइन, किनभने हरेक वर्षको बजेट भाषणमा यो कुरा प्रत्यक्ष वा परोक्ष रूपमा उल्लेख गरिएकै हुन्छ । धारा ५० अनि धारा ५१ भाग ४ अन्तर्गत छन । यो भाग राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको बारेमा छ । तर धारा ५५ ले यसको कार्यन्वयन सम्वन्धमा कुनै अदालतमा प्रश्न उठाउन बन्देज लगाएको छ । अर्थात पालन गरे उत्तम पालन नै नगरे पनि केही फरक पर्दैन भन्ने अर्थका कुरा यस भागमा राखिएका हुन्छन् । यसले एक भ्रम भने सिर्जना गर्दछ कि अदालतमा प्रश्न उठाउन नसक्ने भनेको कसैले कहीँ पनि प्रश्नै गर्न नपाउने पो हो कि ।

अदालतमा प्रश्न उठाउन नपाउँदैमा नैतिक रूपमा सरकारको जिम्मेवारी पूरा गरेको वा नगरेको भन्ने नागरिक प्रश्न भने बन्देज भएको हु"दैन । उसो त संविधानको धारा २ ले नै सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित गरेको छ । त्यसैले त्यो जनताको अंगको रूपमा नागरिक अदालतमा उठाउन नसकिने उठाउने हक राख्दछ । त्यो हक प्रयोग गर्ने विधि भने विविध हुन सक्छन् । यहाँ संविधानका प्रवधान उल्लेख अप्रासंगिक छैनन् । अब प्रश्न उठाउनुपर्ने र राज्यलाई आफ्नो जिम्मेवारी बहन गर्न दवाव दिनुपर्ने अवस्था आइसकेको छ । नखम्बे अर्थतन्त्रको एक खम्बामा निक्षेप गर्ने सर्वसाधारणको विश्वास कायम राख्नु सरकारको प्रमुख कर्तव्य हो । राज्यले व्यक्तिगत लेनदेनका प्रत्येक मामिलामा चासो राख्छ र राख्नुपर्छ । संविधानमा सहकारी तीनै तहको संयुक्त अधिकार क्षेत्रभित्र राखिएको छ । अर्थात् सहकारीलाई उच्च महत्व दिइएको छ । यस्तो अवस्थामा बचत तथा ऋण सहकारी संस्था वा साकोसहरूमा रहेको जनताको निक्षेपको सुरक्षाको प्रत्याभूतिबाट राज्यले आफूलाई अलग कसरी राख्न सक्छ ? वित्तीय संस्थाहरूको वित्तीय स्थिति के कस्तो छ भन्ने जानकारी राष्ट्र बैंकले राख्छ । आवश्यक परेको अवस्थामा निर्देश जारी गर्दछ, कारबाही गर्दछ तर सहकारीहरूले जनताको निक्षेप दिन नसक्ने अवस्था नआउञ्जेल तिनीहरूको अवस्था के छ भन्ने बारे राज्यको कुन निकायलाई जानकारी हुने गर्दछ ? यो प्रश्नको उत्तरमा नै राज्यको जिम्मेवारी बहनको मात्रा निर्भर हुन्छ । बैंकिङ प्रणालीको कारोबारमा रहेको कूल रकमको तुलनामा बचत तथा ऋण सहकारी संस्थाहरूको कारोबारमा रहेको कूल रकमको अनुपात सानो छैन । कुनै बचत तथा ऋण सहकारीको निक्षेपको, लगानीको आकार 'क' वर्गका बैंकको हाराहारीमा पनि भेटिन्छ । अनि विगतका केही वर्षहरूदेखि यस्तै भीमकाय बचत तथा ऋण सहकारी संस्था डुब्ने गरेका छन् । त्यसमा बचत गर्ने निक्षेपकर्ताको सम्पूर्ण निक्षेप नै डुब्ने अवस्थामा छ । यस्ता सहकारी पीडित जनताको गुनासो सुन्ने धैर्य पनि गुम्दै गएको उदाहरण भेटिन्छन् । 'मलाई सोधेर रकम जम्मा गरेको थियो र' भन्ने जस्ता ओठे जवाफ सरकारका जिम्मेवारबाट आउनु शोभनीय पटक्कै होइन र पनि आएका समाचारहरूले थप पीडा दिन्छ । केही करोडको वा करोडभन्दा कमको वार्षिक कारोबार भएका बचत तथा ऋण सहकारीहरूमा जोखिम अपेक्षकृत कम रहेको छ । त्यसमा सहकारीको सिद्धान्त, भावना आदि अनुसार शेयर सदस्यको प्रत्यक्ष सहभागिता हुने गर्दछ । ठूला सहकारीमा जनताको रकम अपचलन गर्ने प्रवृत्ति देखापर्ने गरेको तितो सत्य हो । यिनमा शेयर सदस्यहरूको सहभागिता कम रहने गर्दछ ।

सहकारी शब्द अनि सहकारीका मान्यता आदि सबैले यो सदस्यहरूको सहकार्यले चल्ने संस्था हो भन्ने बुझाउँछ । बचत गर्दा वा ऋण लिँदा वित्तीय संस्थाहरूमा ब्यहोर्नुपर्नेभन्दा कम झन्झटको कारणले साकोस अर्थात् बचत तथा ऋण सहकारी संस्था अत्यधिक खुलेका छन् । झण्डै ४० हजारका हाराहारीमा रहेका सहकारी संस्थाहरूमा ज्यादाजसो बचत तथा ऋण सहकारी नै छन् । बहुमुखी वा अन्य उद्देश्यका सहकारी संस्थाहरू नागन्य नै छन् । बहुमुखी भनिएका संस्थाहरूमा पनि प्रमुख कारोबार भने बचत संकलन तथा ऋण लगानी नै भेटिन्छ । यस्ता बहुमुखी संस्थाले बचत तथा ऋणबाहेकका अन्य गर्ने काम भने विधि पुर्‍याउने मात्र हुने गर्दछन् । अवधारण अनुसार चल्ने सहकारी नगन्य नै भए पनि छन् । उनीहरूले समाजमा, आफ्ना सदस्यहरूमा राम्रो छाप छोडेका छन् । त्यसैले सबै सहकारीलाई एकै घानमा हाल्न पनि उचित हुँदैन । सहकारीलाई राज्यले दिएको सुविधा, प्रवर्द्धनका निमित्त राज्यको प्रयत्न आदिको दुरुपयोग गर्दै केही व्यक्तिको हितका निमित्त काम गर्ने गरेका सहकारी प्रसस्त भेटिन्छन् । उद्योगी व्यापारीले आफ्नो व्यवसायको निमित्त सजिलो ऋण लिन बचत तथा ऋण सहकारी खोल्ने गरेको कुरा छरपष्ट हुँदैछ । विगतका केही वर्षहरूमा डुबेका, जनताको निक्षेप फिर्ता गर्न नसक्ने अवस्थामा पुगेका ठूला सहकारी यस्तै भेटिएका छन् । अन्य सदस्यमा ऋण लगानी गर्नुभन्दा केही सञ्चालक वा सञ्चालक निकटकाको व्यापार व्यवसायमा लगानी गर्ने गरेको भेटिएका छन् ।

घरजग्गा कारोबारमा यस्ता सहकारीको ठूलो लगानी जानु, अन्य कुनै व्यवसायमा एकमुष्ट लगानी हुनु आदिले बचत तथा ऋण सहकारी संकटमा पर्दै गएका छन् । यस्ता लगानीका व्यवसायहरू डुब्दा अन्य शेयरधनीको शेयर रकम मात्र होइन अनिवार्य तथा स्वेच्छिक रूपमा जम्मा गरेको बचत निक्षेप पनि डुब्न जाने हुन्छ । आफ्नो सहमति बेगरको व्यवसाय डुब्दा आफ्नो रकम पनि डुब्नु न तर्कसंगत हो न न्यायसंगत नै हो । यसलाई आर्थिक अपराध भन्न हिचकिचाउनु हुँदैन । सहकारीहरूमा ६० लाखभन्दा ज्यादा सदस्यहरू भएको अनुमान छ । उनीहरूको शेयरका रूपमा अनि निक्षेपका रूपमा खर्बौं रुपैयाँ बचत तथा ऋण सहकारीमा रहेको अनुमान अर्थक्षेत्रका दिग्गज गर्दछन् । कूल जनसंख्याको झण्डै चौथाई जनसंख्या प्रत्यक्ष संलग्न भएको बचत तथा ऋण सहकारीहरूको निरीक्षण नियमन आदिको कुनै संयन्त्र छ जस्तो लाग्दैन । यदि भएको भए पनि त्यसले काम गरेको देखिँदैन । यदि काम गरेको भए संकटाउन्मुख हुने बित्तिकै राज्यले थाहा पाउनुपर्ने हो । अनि त्यसलाई संकटमुक्त गर्न वा त्यसका निक्षेपकर्ताहरूको निक्षेपको सुरक्षाको निमित्त प्रयत्न भएको देखिनुपर्ने हो तर त्यस्तो देखिएको छैन । तर्क आउन सक्छ यत्रो ठूलो संख्यामा भएका संस्थाहरूको जानकारी राज्यलाई कसरी हुन्छ ? हरेक सहकारी संबन्धित निकायमा दर्ता हुने गर्दछन् । नियमित साधारणसभा भएको वा नभएको सूचना उनीहरूसँग हुने गर्दछ । लेखा परीक्षणको सूचना हुने गर्दछ । त्यसै लेखापरीक्षणको आधारमा राज्यले कर असुल गर्ने गर्दछन् । सहकारीका साधारणसभाको उद्घाटन सत्रमा राज्यका सम्बन्धित पदाधिकारी उपस्थित हुने गर्दछन् । जति ठूलो सहकारी भयो त्यति नै उच्च पदकाले भाग लिने गर्दछन् । उनीहरूले भव्य स्वागत पाउनुपर्दछ र पाउँछन् पनि । लामो लामो भाषण पनि हुन्छ, त्यसमा ज्यादाजसो शेयर सदस्यलाई सहकारीका बारेमा कक्षा लिइने गर्दछ । जब यो स्तरको संलग्नता राज्यका अधिकारी वा नेताहरूको हुन्छ भने त्यो सहकारीको काम, सही तरिकाले चले नचलेको अनुगमन पनि हुन केही व्यवधान नहुनुपर्ने हो । भव्य साधारणसभामा भाग लिएर सञ्चालकहरूको प्रशंसाको पुल बाँधेर गएको सहकारी त्यही वर्ष संकटग्रस्त हुन्छ सञ्चालक निक्षेप फिर्ता गर्न नसक्ने भएर भूमिगत हुन्छन् वा हिरासतमा पुग्छन भने त्यसलाई सामान्य लिन सकिन्छ र ? सहकारीको त्यही भव्यता देखेर जनताले आफ्नो निक्षेप सुरक्षित ठानेका भए त्यो अनुचित होइन ।

त्यस अवस्थामा यसको नैतिक जिम्मेवारी ती राज्यका भाग भएका अतिथिहरूले लिनुपर्दैन भन्ने सोच ठीक होइन । यहाँ सामान्य अतिथिको कुरा गरिएको होइन अधिकारयुक्त जिम्मेवार नेता वा पदाधिकारीहरूको कुरा गरिएको हो । नागरिक स्तरमा हुने आर्थिक गतिविधिमा अत्याधिक नियन्त्रण गर्ने सरकारी नीतिले मिटरब्याजी फष्टाउँछन् । बचत तथा ऋण सहकारीहरूमा धन जम्मा गर्ने र त्यसबाट गर्जो टार्ने सोच पलाउँछ । कुनै पनि आर्थिक गतिविधि राज्यको नियन्त्रणले रोक्न सकिँदै । जनताको अत्यावश्यक आर्थिक गतिविधिलाई नियन्त्रण गर्न खोजेमा राज्यले अवैधानिक भनेको बाटो वा अन्य सजिलो संस्था खोजिन्छ । बचत तथा ऋण सहकारी यस्तै सजिलो बाटो हो । उदाहरणका निमित्त पारिवारिक कामहरू जस्तो विवाह, मृत्यसंस्कार जस्ता कामको निमित्त कुनै वित्तीय संस्थाले ऋण दिँदैन । किनभने यो राज्यको देखाइमा अनुत्पादक हो तर जनतको निमित्त नगरी नहुने अत्यावश्यक कार्य हो । यसका निमित्त कि त मिटरब्याजीको शरण लिनुपऱ्यो कि बचत तथा ऋण सहकारीको । त्यसैले राज्यले जनकल्याणकारी अर्थनीति लिनै पर्दछ । नत्र संकटग्रस्त सहकारीको कुराले धेरै ठूलो रूप लिन सक्छ र राज्यको अर्थतन्त्र नै धराशायी हुन सक्छ ।

*–इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४५५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : धन लाभका योग पनि देखिन्छन् । प्रेम जीवन पनि सफल रहनेछ । | **तुला** : मनोरञ्जनमा समय बित्नेछ। प्रियजनसँगको दिन रमाइलो रहनेछ। |
| **वृष** : काम बिगार्नेको सक्रिय रहने देखिन्छ। नियमित खर्चसमेत बढ्ने योग छ । | **वृश्चिक** : विभिन्न अवसर प्राप्त हुनेछन् र मनग्गे फाइदा उठाउन सकिनेछ। |
| **मिथुन** : रोकिएको कामको गाँठो फुक्नेछ। अरूको भर नपरी निर्णय लिन सकिन्छ। | **धनु** : काममा केही विलम्ब भए पनि सुखद समाचारले उत्साह जगाउनेछ। |
| **कर्कट** : मिहिनेतको फल प्राप्त हुनेछ। साथीभाइले राम्रै सहयोग जुटाउनेछन् । | **मकर** : हतारमा निर्णय लिने बानीले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला । |
| **सिंह** : मिहिनेत गर्दा लक्ष्यमा पुगिनेछ । रोकिएका काम सम्पादन हुनेछन् । | **कुम्भ** : व्यवसायमा नलाभ हुनेछ भने लगानीले दिगो फाइदा दिलाउनेछ । |
| **कन्या** : स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल प्राप्त नहुन सक्छ । | **मीन** : अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ । |

# साहित्य दर्पण

नियात्रा — L.C. रामलाल श्रेष्ठ

## ढाका भ्रमणका सम्झनाहरु








**हामी दुई जना शारीरिक रुपमा, कमजोरी भएको र कहिलेकाही विरामी भएको कारणले सम्पूर्ण सहभागी साथीहरुको अनुकरणीय सहयोग भएकोमा धन्यवाद दिन चाहन्छु । भौतिक रूपमा सहयोग गर्ने मेरा मित्र सोम बहादुर आले, लिला अर्याल, राजिब भाईलाई विशेष धन्यवाद साथ आभार प्रकट गर्दछु । हाम्रो १३ दिनको भ्रमणमा केही सानातिना समस्याहरु नआएका होइनन् मुख्य त हाम्रो भम्रणको कार्यक्रममा नै केही कमजोरी भएकै हो जसले गर्दा केही गुनासाहरु आए तर पनि भ्रमण अत्यन्तै फलदाही भएको मैले महशुस गरेको छु ।**

मलाई Lions Club of International अन्तर्गत बंगलादेशको ढाकामा हुन गइरहेको ५१ औं इशामे फोरमको कार्यक्रममा जाँदा घुम्दा र आउँदाको विषयमा केही लेख्न मन लागेकाले यो मेरो अनुभव पस्किन खोजेको छु । यदी केही कमजोरी भएको खण्डमा क्षमा प्राथी छु । Lions Club of International अन्तर्गत ISAME Forum को ५१ औं कार्यक्रम मिति December 15-18 सम्म ४ दिनको कार्यक्रम बंगलादेशको ढाकामा भएको थियो । सो कार्यक्रममा नेपालबाट उल्लेखनिय सहभागिता भएको थियो । कार्यक्रम भब्य र सभ्य रूपमा सम्पन्न भएको थियो । उक्त कार्यक्रमको अध्यक्ष Patty Hill ले गर्नुभएको थियो ।

हाम्रो समूहको टोली प्रमुख एरिया चिफ श्री भिम बहादुर श्रेष्ठ गाइड राजिव हुनुहुथ्यो भने ३९ सहभागी मध्ये विपना लायन्स क्लवबाट १२ जना, रणउजेश्वरीबाट १०, श्रीनगरबाट ६, परवासबाट ४, मान्दब्यबाट ४, शित्तलपाटीबाट २ र पाल्पाबाट १ मध्ये पुरुष १७ र महिला २२ जना । हाम्रो यात्रा मंसिरको २५ गतेदेखि पुसको ७ गते सम्म रह्‌यो । मिति २०८०/०८/२५ गते मिरमिरे उज्यालो नहुँदै हाम्रो यात्रा शुरू भयो । सुनौली हुँदै गोरखपुरको १ बजेको रेलबाट २६ गते विहान कलकत्ताको खडकपुर हुँदै उडिसा प्रदेशको जगन्नाथ पुरी बास बस्यौ र अर्को दिन बिहानै जगन्नाथ पुरी मन्दिरको दर्शन गरियो । सो मन्दिर भब्य रुपमा बनाइएको र सजाईएको रहेछ जहाँ भक्तजनहरुको भिड लाग्दो रहेछ । सोही दिनमा कलकत्ताको दक्षिणी मन्दिरको दर्शन victory cross, Victory park, तारा मंडल हेर्ने मौका पाइयो जस्मा तारा मंडल अत्यन्त रोचक थियो ।

२०८०/०८/२९ गते राति कलकत्ताबाट प्लेनमा बंगलादेशको राजधानी ढाका पुगियो ३० मिनेटमा । Grand Prince Hotel मा ५ दिन बास बस्यौ जुन होटेल १५ तले थियो । दुखको कुरा L.C. मदनलाल बज्राचार्यको Vissa, Passport भएको ब्याग हरायो एयरपोर्टमा, तर २ घण्टा पछि सो ब्याग पुन प्राप्त भयो । 15 Dec. 2023 मा ढाकाको 5 Star Hotel मा ISAME Forum 51st कार्यक्रमको Opening भयो/दोस्रो दिन विभिन्न देशको रिपोटिङ गर्ने दिन थियो भने तेस्रो दिन समापन कार्यक्रम भयो । सो कार्यक्रम भब्य र सभ्य रुपमा सञ्चालन भएको थियो । सो कार्यक्रमको अध्यक्ष Dr.Patty Hill हुनुहुथ्यो भने नेपालको इन्टनेशनल डाइरेक्टर बालकृष्ण बुरलाकोटी र सन्जय खेतान संलग्न हुनुहुथ्यो । तेस्रो दिनमा नेपाली लायन्स क्लबका साथीहरु मात्र विशेष प्रशिक्षण सुझाव सल्लाह निर्देशन दिनुभएको थियो । लायन्स क्लबको ईशामे फोरम कार्यक्रम सकि बंगलादेशको विभिन्न मन्दिर तथा पर्यटकिय क्षेत्र अवलोकन गर्ने मौका पाइयो । त्यहाँ बंगलादेशमा एक मात्रै हिन्दु मन्दिर रहेछ । सो मन्दिरको दर्शन गरियो । त्यहाँको सुपर मार्केट ग्लष्खभचअष्तथ या Bagaladesh हेऱ्यौ । सोहि दिन मदनलाल बज्राचार्य र अनुजा बज्राचार्यको Happy Anniversary समेत मनाईयो । बेला-बेलामा नाच्ने गाउने हास्ने अत्यन्तै रमाइलो गरियो ।

बंगलादेशको ठूलो व्यापार केन्द्र साथै औद्योगिक क्षेत्र चट गाउँ र कक्स बजारमा रहेछ । सो ठाउँमा हामी सबैले मार्केटिङ्ग गरियो । यहाँबाट फेरि १२० कि.मि.को दुरीमा समुन्द्र किनारा समेत अवलोकन गरियो जो सोह्रै मन छुने खालको थियो । कलकत्ता देखि करिब ६०० कि.मि. टाढा समुन्द्रको विचमा रहेको टापु जसलाई गंगा सागर भन्दो रहेछ । सो टापुको वरिपरी विशाल सागर रहेछ यो महत्वपूर्ण गंगा सागरको भनाई रहेछ "अरू सागर बारबार गंगा सागर एक बार'' जहां मातापिताको नाममा श्रद्धा समेत गरियो । कलकत्ताको मौरीन होटलमा रातभर मेरो जिवन संगिनी सानु श्रेष्ठलाई Severe muscle Cramping साथै कडा खालको Diarrhea भएको कारण शिथिल अवस्थामा पुगिन् र औषधी उपचार पछि ठिक हुँदै गयो । हाम्रो ग्रुपको अगुवा भिम बहादुर श्रेष्ठ, लिला अर्याल, रञ्जना अर्याल, अशेष भट्टराईको कुशल नेतृत्व रह्‌यो । हामी दुई जना शारीरिक रुपमा, कमजोरी भएको र कहिले काही विरामी भएको कारणले सम्पूर्ण सहभागी साथीहरुको अनुकरणीय सहयोग भएकोमा धन्यवाद दिन चाहन्छु । भौतिक रूपमा सहयोग गर्ने मेरा मित्र सोम बहादुर आले, लिला अर्याल, राजिब भाईलाई विशेष धन्यवाद साथ आभार प्रकट गर्दछु ।

हाम्रो १३ दिनको भ्रमणमा केही सानातिना समस्याहरु नआएका होइनन् मुख्य त हाम्रो भम्रणको कार्यक्रममा नै केही कमजोरी भएकै हो जसले गर्दा केही गुनासाहरु आए तर पनि भ्रमण अत्यन्तै फलदाही भएको मैले महशुस गरेको छु । सम्पूर्ण लायन्स क्लबका साथीहरुलाई म आत्मासाथ भन्न चाहान्छु "कम्तीमा एक पटक क्ष्कक्भ कार्यक्रममा जानुहोस् जीवनमा शिक्षा लिनुहोस् ।''

जय लायन वाद !

कथा — स्नेहा पोखरेल

## दुई केजी माया

**पटकपटक एक वा अर्को रूपमा दाँत फुस्केर झरेको हुन्थ्यो मञ्जुश्रीलाई र उसको निद्रा भङ्ग हुन्थ्यो जसरी आज भयो । उद्विग्न मन र क्लान्त तन लिएर मञ्जुश्री तरकारी किन्न निस्की । त्यसै दिन त हो उसले पृथ्वी ठेलावाललाई देखेकी । गीत घन्काउने उही रहेछ जो ठेलामा फलफूल र तरकारी राखेर बेच्थ्यो । व्यापार नहुने घडीमा ऊ नजिकैको होटेलमा भाँडा माझ्थ्यो र राति चिरिप्प हुने गरी छ्याङ लाएर सुत्थ्यो । ठेलामा राखेको स्पिकरमा गीत बजेको रहेछ । बिथोलिएको निद्राले सबै कुराको आभास मञ्जुश्रीलाई सकसपूर्ण तवरले हुँदै थियो । त्यो साँझ त्यसपछि सामान्य तरिकाले बित्यो । बाहिरको कल्याङमल्याङ र भित्री उद्वेलन बीच कसले जित्ने भनेझैं गरी मञ्जुश्रीको मनमा अन्तरद्वन्द्व चलिरह्यो ।**

उसका अगाडिका सबै दाँत चरक्क चर्किए, टुक्रिए र हातमा झरे । गिजाबाट न त रगतको धारा बह्‌यो न त कुनै किसिमको पीडा बोध भयो । ऊ पूर्ण रूपमा थोती भई । "आइ एम अ डिस्को डान्सर टु रुरु ।" ऊ असिनपसिन भएर ब्युँझन्छे । ऊ अर्थात् मञ्जुश्री । "उफ् !" हतारहतार जिब्रोले दाँत र हातले गाला सुमसुम्याउँछे । धन्न ! सही सलामत छन् । उसलाई बारम्बार यही सपनाले पिरोल्छ । "कुन चाहिँ बज्याले घन्काएर मरेको, छ्या !" कोक्को बोतलबाट पानी तनतनी पिउँछे । सुनौलो सन्ध्या थियो जब बचेराहरू चिरबिराए र माउका पखेटा गुँडतिर फरफराए । डाँडाले घामलाई निलेर जून ओकलेको क्षणमा मञ्जुश्रीको कष्टप्रद निद्रा चुँडालिएको थियो । निलो व्योममा पोतिएको लालीले मञ्जुश्रीको खाना खाने समयको जनाऊ दिँदै थियो । अब भने झन् ठूलो स्वरमा घन्किन थाल्यो, "आइ एम अ डिस्को डान्सर, जिन्दगी मेरा गाना...।"

त्रासदीपूर्ण तन्द्राबाट भर्खर ब्युँताएको थियो त्यस गीतले । त्यसैले ऊ रिसाउन पनि पाइन । त्यस सपनामा उसका दाँत अनायास फुस्केर ऊ थोती र कुरूप बन्छे, जसका कारण उसको जीवनमा जटिलता थपिन्छ । पटकपटक एक वा अर्को रूपमा दाँत फुस्केर झरेको हुन्थ्यो मञ्जुश्रीलाई र उसको निद्रा भङ्ग हुन्थ्यो जसरी आज भयो । उद्विग्न मन र क्लान्त तन लिएर मञ्जुश्री तरकारी किन्न निस्की । त्यसै दिन त हो उसले पृथ्वी ठेलावाललाई देखेकी । गीत घन्काउने उही रहेछ जो ठेलामा फलफूल र तरकारी राखेर बेच्थ्यो । व्यापार नहुने घडीमा ऊ नजिकैको होटेलमा भाँडा माझ्थ्यो र राति चिरिप्प हुने गरी छ्याङ लाएर सुत्थ्यो । ठेलामा राखेको स्पिकरमा गीत बजेको रहेछ । बिथोलिएको निद्राले सबै कुराको आभास मञ्जुश्रीलाई सकसपूर्ण तवरले हुँदै थियो । त्यो साँझ त्यसपछि सामान्य तरिकाले बित्यो । बाहिरको कल्याङमल्याङ र भित्री उद्वेलन बीच कसले जित्ने भनेझैं गरी मञ्जुश्रीको मनमा अन्तरद्वन्द्व चलिरह्‌यो । त्यस रात बडो त्रासमा मञ्जुश्री आफ्ना दाँत जिब्रोले सुमसुम्याउँदै सुती । मञ्जुश्री कोठामै घाम तापेर पढ्दै थिई ।

"वो हसिना वो नीलम परी..."

"साला, फेरि बजायो मोरोले ।"

हिजो तरकारी किन्दा उसले सोधेकी थिई, "दाइ, तपाईंको नाम चाहिँ के नि ?"

बडो अनौठो लवजमा जवाफ फर्काएको थियो, "पृथ्वी ।"

"अनि घर यहीँ कि कता पऱ्यो ?"

"रामेछाप, अनि आफ्नो ?"

"मेरो विराटनगर ।"

बाटै छेउमा पर्ने मञ्जुश्रीको कोठामा आउने मिश्रित स्वरहरूमा फाटेको स्पिकरबाट बजेको गीतले अझ कोलाहल थप्यो । "ह्या" पढ्दै गरेको किताब टेबलतिर हुत्याई । त्यहाँ रु १००मा किनेको नेपालको ठडिएको झण्डा पुर्लुक्क लड्यो । फेरी समयले तरकारी किन्ने बेला लिएर आयो । मञ्जुश्री बाहिर निस्कँदा पृथ्वी ठेलामै ढल्किरहेको थियो । उसको ठेला ठेला नभएर रिक्साजस्तो कुदाउन मिल्ने र छत भएको घामपानी छेक्ने थियो । सिटमै ढल्किएर आफ्ना खुट्टा ठेलाको ह्याण्डलमा अड्याएको थियो । आर्मी प्रिन्ट भएको गमबुट लगाएर शानसँग पल्टिरहेको थियो जब मञ्जुश्री त्यहाँ पुगी ।

"के छ दाइ, आरामै ?" उसले सोधी ।

"ठीक, मस्ती, बब्बाल छ । बरु तिमी पो ठीक छैन जस्ती छ्यौ ।"

"हैन, ठीकै छ ।" छोटो जवाफ फर्काई मञ्जुश्रीले ।

"ल भन, के लाने ?"

"लौका दिनू न ।"

सानो लौकाको रु ४० लियो पृथ्वीले । "ल धनियाँ पनि लैजाऊ, यसको पैसा परेन तिमीलाई ।" धनियाँको मुठो मञ्जुश्रीतर्फ बढाउँदै पृथ्वीले भन्यो । "तपाईं गीत चाहिँ किन बजाइरहनुहुन्छ दाइ साँझमा ?"

"सबैभन्दा एक्लो फिल हुन्छ नानी साँझमा, मायालुको यादले सताउँछ त्यही भएर ठूलो स्वरमा गीत बजाएर, नाचेर एक्लोपन हटाउँछु ।" गम्भीर भए पनि पृथ्वीको मुहारबाट मसिनो हाँसोको रेखी फुस्किन्छ ।

"चना मिसाएर पकाऊ ए-वान हुन्छ है ता" हिँडिसकेकी मञ्जुश्रीतर्फ आफ्नो आवाज लम्काउँछ पृथ्वी ।

मन्जुश्री पर्खिरहेकी थिई । "एउटा मान्छेको मायाले कति फरक पर्दछ जिन्दगीमा" नारायण गोपाल पनि सुनिए त्यो स्पिकरबाट । आज मन्जुश्रीको फदयभित्र थिग्रिएको प्रेम माथि आएर मनै धमिलो बनायो । मन्जुश्रीको मात्र पनि होइन, उता पृथ्वीको पनि । मन्जुश्रीले झ्यालबाट पृथ्वी देखिन्छ कि भनेर चिहाई तर देखिएन, देखियो त केवल बादलले धमिल्याएको सगर । कसप्रतिको प्रेम उर्लियो मन्जुश्रीको मनमा ठेगान लागेन । तरकारी किन्न प्रेमले भरिएको आकुलव्याकुल मुटु लिएर ऊ तल झरी । धरतीले मन्जुश्रीको स्पर्श पायो । उसो त आज दुवै बोलेनन् मुखले, आँखाले भने सागरजति बोले । मन्जुश्रीले तरकारी पनि अन्यत्रै किनी । बकुल्लाहरू उड्दै थिए । चमेराहरू उठ्दै थिए । मन्जुश्री लोलाइरहेकी थिई कि टोलाइरहेकी थिई ऊ आफैँलाई पत्तो भएन । लालीमय साँझको रसास्वादन गर्दै थिई झ्यालबाट । ठूलो पृथ्वीले फन्को मार्दै थियो । डाँडाले घामलाई निल्न आँटेको थियो जब सानो पृथ्वीले पनि फन्को मारिसकेर ठेला रोक्यो ।

आज गीत बजेन । आज तरकारी पनि किन्न जानुपरेन, बिहानकै रहेको थियो । "स्याऊ किलोको २३०, केरा ९० को २ दर्जन, लग भाइ आज भर्खर ल्याएको" पृथ्वीले भन्यो एउटा ठिटोलाई । उसले किनेन । बरु मञ्जुश्रीले लगी आधा किलो । पृथ्वी आज अशान्त देखिन्थ्यो, सुनामी आएको सागरजस्तो । के भयो दाइ भनेर सोध्दा पनि बोलेन ऊ । मञ्जुश्रीले थप कुरो कोट्याइन् । त्यसकै भोलिपल्ट पृथ्वी कराउँदै तरकारी र फलफूल बिकाउने चेष्टा गर्दै थियो । खासमा त्यति साह्रो व्यापार हुँदैनथ्यो । जाबो ३४ रुपियाँको मार्जिन राखेर बेच्न खोज्दा पनि महँगो भन्थे मान्छेहरू । मञ्जुश्री त्यहाँ पुगी । आज खोला सुसाएसरी सुसायो पृथ्वी । हिजो रातभरि अनिदो बसेको कुरा बतायो । मञ्जश्रीले सुनिरही हिजोको सन्नाटाको राज, "हिजो मेरो बिहे भएको ८ वर्ष पूरा भएको थियो ।" कुनै गहिरो गर्तबाट वर्षौंदेखि पुरिएको खजाना झिके सरी विगत झिक्यो पृथ्वीले । अनिदो त ऊ पनि बसेकी थिई, दाँत झरेर । ऊ कुनै स्कुलको कक्षाकोठामा सबैले देख्ने गरी थोती भएकी थिई । "सीताष्मालाई मैले भवानीको मन्दिरमा बिहे गरेर भित्र्याएको थिएँ आफ्नो कोठामा । म यस्तो फिरन्ते थिइन पहिला । यी फलहरूले रुखलाई छोडेझैं आफ्नो घर छोड्नुपर्यो मैले । मेरो त्यो एउटा कोठामा संसार अटाएको थियो ।" सुस्तरी भन्दै गयो, "एउटा कुनोलाई भान्सा बनाएको थिएँ, अर्को कुनोमा एउटा खाट थियो र खाटमुनि थिए लुगाका झोला र पोकाहरू । त्यस दिन आफूले लगाएको जनै चुँडालेर झुल टाँगेको थिएँ ।" यत्तिकैमा एकजना अधबैंसेले सोध्यो, "काउली कसरी छ, भाइ ?" र पृथ्वीले काउली बेच्न थाल्यो । मन्जुश्रीले पनि काउली किनिसकेकी थिई । ऊ फर्किइन् । टन्टलापुर घाममा मञ्जुश्री हिँडी आफन्तकोमा । बाटैमा रहेको पृथ्वीले गिज्यायो, "झोला त दह्रै छ नि !" "दुई चार दिनलाई पुग्ने छ ।" हाँसी ऊ । बजेको गीतको तालमा पृथ्वी जसरी नै जीउ हल्लाई ।

आजभोलि उनीहरूको जीउले पनि मित लाएको छ, गीतको तालमा एकअर्कासँग नाचेरै कुरा गर्छन् । पृथ्वी अब मोरो रहेन । मञ्जुश्रीको यादमा बस्ने भइसकेको थियो । मञ्जुश्री आफ्नो कोठा फर्किएको दिन गीतको प्रतीक्षामा थिई । तर त्यस दिन कुनै गीत बजेन । तरकारी किन्न निस्कँदा ठेला पनि थिएन । साँझ सकिनै आँटेको थियो जब एउटा मारुती भ्यानले फुक्न थाल्यो, "२ किलो स्याउ रु ५०० मात्र, २ दर्जन केरा २०० मात्र" । मानिसहरू त्यहीँ झुम्मिन थाले । मञ्जुश्री तीन छक्क परी किनकि ठेलामा भन्दा महँगो दाम थियो त्यो । आज पृथ्वीको इन्तजारमै साँझ बित्यो । मञ्जुश्रीले जिब्रोले सबैभन्दा अगाडिको माथिको दाँत ठेली । दाँत पक्लक्क हातैमा झऱ्यो । रगत आएन । ऊ थोती भई । एकपल्ट झरिसकेको दाँत फेरि पलाउने वाला थिएन । ऊ हमेसाका लागि थोती भई । जिब्रोले दाँत फुस्केको गिजा सुमसुम्याउँदा रातको २:३० बजे ऊ झल्याँस्स ब्युँझन्छे । त्यसपछि उसलाई निद्रा पर्दैन । त्यो दिन सामान्य तरिकाले बित्छ । पृथ्वीको घुमाइले साँझ लिएर आयो तर पृथ्वी भने आएन । उसले सोध्न पाइन सीताष्मा कहाँ गई, के भयो उसलाई र सुनाउन पाइन आफ्नो सपना । आयो त केवल मारुती भ्यान जसले फुकिरह्‌यो, "२ किलो स्याउ रु ५०० मात्र !"

**-साहित्यपोष्ट डटकम**

# ईपीएस परीक्षामा सामेल गराउन अदालतको आदेश




**पाल्पा,** पुस १३/उच्च अदालत, पाटनले कोरियन पानी जहाज कम्पनीको कामदारका लागि भाषा परीक्षा दिएकाहरुलाई उत्पादनमुलक कामदार छनोटको भाषा परीक्षामा सहभागी गराउन आदेश दिएको छ । न्यायाधीश चन्द्रमणि ज्ञवालीको एकल इजलासले रिट निवेदक र उनीहरु सरहका समान प्रकृतिका इच्छुक व्यक्तिहरुलाई आवेदनमा सहभागी गराउन आदेश दिएको हो ।

पानी जहाज निर्माण क्षेत्रका कामदारका लागि ईपीएस कोरिया शाखाले साउनमा आवेदन लिइएको थियो । त्यसअनुसार परीक्षा भएर ३ हजार ९ सय ८९ जनाले नाम निकालेका थिए । १९ मंसिरमा उत्पादनमुकल क्षेत्रको कामदारका लागि हुने भाषा परीक्षाको सूचना निस्कियो, जसमा आवेदकको योग्यतामा २०२३ भित्र भाषा परीक्षाका लागि आवेदन नदिएको हुनुपर्ने उल्लेख थियो ।

यसले पानी जहाज निर्माणतर्फ भाषा परीक्षाका लागि आवेदन दिएकाहरु यसमा फरम भर्न नै अयोग्य भएका थिए । यसविरुद्ध तर्कबहादुर पल उच्च अदालत, पाटन गए । ईपीएस कोरिया शाखाले राखेको शर्तले रोजगार तथा श्रमको हक र संविधान तथा अन्तर्राष्ट्रिय कानुनले प्रत्याभूत गरेको मौलिक हकमा आघात पुगेको निवेदकको तर्क थियो ।

वैदेशिक रोजगार विभाग ईपीएस कोरिया शाखाले भने २५ मंसिरमा विज्ञप्ति निकालेर यो विवामा सम्बन्धित निकायसँग छलफल गरिरहेको र निष्कर्ष आउनसाथ सूचना निकालिने बतायो । यसले विवाद समाधानका लागि विपक्षीबाट प्रयास भएको नदेखिएको र उनीहरुलाई फरम गर्न बञ्चित गर्नु अपुरणनीय क्षति तथा सुविधा सन्तुलनको दृष्टिकोणबाट मनासिव नभएको अदालतका ठहर छ ।

अदालतले निवदेक र निवेदक सरहका समान प्रकृतिका इच्छुक व्यक्तिहरुलाई २०८० मंसिर १९ को सूचना बमोजिम २ पुसबाट खुला भएको आवेदन फारम भर्न रोक नलगाउन र परीक्षा आवेदन फारम भर्न दिन आन्तरिम आदेश दिएको छ ।


## निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८०/०९/१४**

डण्डपानी कुवंरको नाति, जीवलालकुवंर/निर्मला कुवंरको छोरा कमला कुवंरको पति गुल्मी जिल्ला, सत्यवती गा.पा वडा नं ०१ बस्ने यमलाल कुवंरको मिति २०७८/०३/२२ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको रिडी शाखामा रहेको यमलाल कुवंरको खाता नं. ०४५००२१६०५१००००१ मा रहेको मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको कमला कुवंरले यस बैंकको रिडी शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय रिडी वा रजिष्टर्ड कार्यालय, टंगाल, काठमाडौंमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED

**कुमारी बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय, टंगाल, काठमाडौं


## खेलकुद समाचार

### पुलिस क्लब फाइनलमा



**काठमाडौं,** पुस १३/वीरगञ्जमा जारी नेपाल प्रो क्लव च्याम्पियनसिप टी-२० क्रिकेट प्रतियोगिता अन्तर्गत शुक्रबार भएको दोस्रो सेमिफाइनल खेलमा भारतको वन्डर्स क्लब अफ नोएडालाई ४ रनले पराजित गर्दै नेपाल पुलिस क्लब फाइनलमा प्रवेश गरेको छ ।

टस हारेर पहिला ब्याटिङ गरेको पुलिस क्लवले निर्धारित २० ओभरमा ७ विकेटको क्षतिमा ११२ रन बनाएको थियो । जवाफी ब्याटिङका क्रममा वन्डर्स क्लब अफ नोएडाले ९ विकेटको क्षतिमा १०८ रनमात्र बनाउन सक्यो । नोएडाका लागि वंश वेदीले सर्वाधिक ४३ रनको योगदान गरे । त्यस अतिरिक्त अल्पित गुप्ताले २०, सिद्धार्थ गोस्वामीले १३ र उजैर मलिकले १२ रन बनाए । बलिङतर्फ पुलिस क्लवका लागि सागर ढकालले तीन विकेट लिए भने रसिद खानले दुई, ललित राजवंशी र शेर मल्लले एक-एक विकेट लिए । पुलिस क्लवका लागि ब्याटिङतर्फ अर्जुन साउदले सर्वाधिक ४२ रन बनाए भने सुनिल धमलाले ३४, दिलिप नाथले १० रनको योगदान गरे । वन्डर्स क्लव अफ नोएडाका अल्पित गुप्ताले दुई, सन्जीव चतुर्वेदी, रितिक भाट्स र दिवान्स रावतले एक-एक विकेट लिए । पुलिस क्लबले अब फाइनलमा सन्दीप लामिछानेको कप्तानीमा रहेको पर्सा क्लब-११ सँग उपाधिका लागि प्रतिस्पर्धा गर्नेछ । त्रिभुवन आर्मीलाई सेमिफाइनलमा पराजित गर्दै यसअघि पर्सा क्लब-११ ले फाइनलमा स्थान सुरक्षित गरिसकेको छ ।

## कर्पोरेट/अर्थ/ समाचार

# नबिल बैंकको ११ प्रतिशत लाभांश पारित

NABIL BANK

**पाल्पा,** पुस १३/नबिल बैंकको वार्षिक साधारण सभाले सञ्चालक समितिले गत आर्थिक वर्षको मुनाफबाट सेयरधनीलाई वितरण गर्न प्रस्ताव गरेको लाभांश पारित गरेको छ । बैंकको सञ्चालक समितिले सेयरधनीलाई चुक्ता पूँजीको ११ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको हो ।

बैंकको ३९ औं वार्षिक साधारणसभाले प्रस्तावित लाभांश पारित गरेको हो । बैंकले आर्थिक वर्ष २०७९/८० मा ६ अर्ब ४० करोड मुनाफा आर्जन गरेको थियो । साधारणसभामा बोल्दै बैंकका अध्यक्ष उपेन्द्र पौड्यालले देशको अर्थतन्त्रको परिदृश्यलाई मध्यनजर गरेर बैंकले आफ्ना गतिविधि सञ्चालन गरिरहेको बताए । 'देशको अर्थतन्त्रको पछिल्लो परिदृष्यहरूलाई मध्यनजर गर्दै नबिल बैंकले नेपालको बैंकिङ क्षेत्रलाई आधुनिकीकरण गर्न, देशको व्यावसायिक एवम् औद्योगिक गतिविधिहरूलाई गतिशीलता प्रदान गर्न, देशमा रोजगारीका अवसरहरू सिर्जना गर्न सहयोगी भूमिका निर्वाह गरेको छ,' उनले भने । नबिल बैंकले सामाजिक उद्यमशीलता विकासका लागि नबिल सामाजिक उद्यमशीलता कार्यक्रम सञ्चालन गरेको छ । समाजमा उद्यमशीलताको माध्यमबाट सामाजिक समस्याको दीर्घकालीन समाधान गर्ने, नवीन सोचमा आधारित उद्यमलाई प्रवर्द्धन गर्दै आर्थिक सामाजिक रुपान्तरणलाई बढावा दिने लक्ष्यसहित यो कार्यक्रम सुरु गरिएको बैंकले जनाएको छ । साधारण सभालाई सम्बोधन गर्दै बैंकका अध्यक्ष पौड्यालले विगतका वर्षहरूमा बाँडफाँट गरेको नगद लाभांशका साथै बजार पूँजीकरण तथा जेथामा भएको अभिवृद्धि समेतलाई दृष्टिगत गर्दा नबिल बैंकमा सेयरधनीहरूले लगानी गरेका स्थापना कालको चुक्ता पूँजी हालसम्म आउँदा ९ सय ६० गुणाले वृद्धि भएको बताए ।


## रम्भा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## पिपलडाँडा, पाल्पा
## लुम्बिनी प्रदेश, नेपाल

### प्राविधिक प्रस्ताव स्वीकृति तथा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धमा

***सूचना प्रकाशन मिति २०८०/०९/१४***

यस कार्यालयको मिति २०८०/०७/०३ मा www.bolpatra.gov.np मा प्रकाशित तपशिल बमोजिम ठेक्कामा प्राविधिक प्रस्तावमा उत्तीर्ण भएका निम्न बमोजिमका बोलपत्रदाताहरूको आर्थिक प्रस्ताव तपसिल बमाजिमका मिति समय र स्थानमा खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| | |
|---|---|
| Contract No. | **NCB/EB/RRM/Work/080-081/06** |
| Description of Works | **Construction of 15-Bedded primary Hospital at Rambha-05, Tahu** |
| Name and Address of Successful Bidders | |
| 1.Arjun/D. N.D. J.V. Resunga09, Gulmi | 5.Bahgwati/Sarbajani k J.V, Bidur-1, Nuwakot |
| 2.NawaSirjanshil Construction Company Pvt Ltd,sinamangal 9 kathmandu | 6.PrakritikNirmanPvt. Ltd, Siddharthanagar-9, Rupandehi |
| 3. SHIVA KHIMTI-S B JV, Jadibuti-32, Kathmandu | 7.Design Station Pvt. Ltd., Shantinagar Kathmandu Nepal |
| 4.KhilungKalika Construction Pvt. Ltd, Bhirkot-7, Syangja, nepal | |
| Opening Date of Finacial Proposal and Timeand Vanue | **Date:2080/09/20Time: 12:00 noon**<br>**Vanue: Rambha Rural Municipality Executive office** |

## वर्गिकृत डिस्प्ले
***१ X ५ साइजमा मात्र***

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई